राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३४४ २०८३ असार ३० गते मंगलवार (14 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## पत्रकार कहिल्यै कसैको प्रयोगमा पर्नु हुँदैन : मन्त्री थापा




दैनिक समाचारदाता

जनकपुरधाम, २९ असार । मधेश प्रदेशकी श्रम तथा यातायातमन्त्री शारदा देवी थापाले पत्रकारिता निष्पक्ष, तथ्यमा आधारित र आचारसंहिताअनुरूप हुनुपर्नेमा जोड दिएकी छन् ।

महोत्तरीको बर्दिवासमा सोमबार मिडिया काउन्सिलद्वारा आयोजित 'पत्रकार आचारसंहितालाई प्रभावकारी बनाउन अन्तरक्रिया कार्यक्रम' लाई सम्बोधन गर्दै मन्त्री थापाले पत्रकारहरू कसैको राजनीतिक वा अन्य स्वार्थको प्रयोगमा पर्न नहुने बताइन् ।

उनले पछिल्लो समय केही पत्रकार राजनीतिक दलका नेता तथा सुरक्षा निकायको प्रभावमा परेर काम गरिरहेको भन्ने गुनासो सुनिन थालेको उल्लेख गर्दै सचेत रहन आग्रह गरिन् । "तपाईंहरूको काँधमा बन्दुक राखेर चलाउने प्रयास हुन सक्छ । त्यसबाट सचेत हुनुपर्छ । पत्रकार कहिल्यै कसैको प्रयोगमा पर्नु हुँदैन । सत्यतथ्यका आधारमा मात्रै समाचार प्रकाशन(प्रसारण गर्नुपर्छ," उनले भनिन् ।

मन्त्री थापाले संघीय व्यवस्थामाथि विभिन्न कोणबाट चुनौती थपिएको उल्लेख गर्दै संघीयता संस्थागत गर्न पत्रकारहरूको भूमिका महत्वपूर्ण रहेको बताइन् । "संघीयता स्थापना गर्न पत्रकारहरूको पनि ठूलो योगदान छ । अब त्यसको संरक्षणका लागि जनचेतना फैलाउने र संघीयताका पक्षमा तथ्यमा आधारित कलम चलाउन आवश्यक छ," उनले भनिन् ।

उनले पत्रकार आचारसंहिता भाषणको विषय नभई व्यवहारमा कार्यान्वयन गर्नुपर्ने विषय भएको बताउँदै सूचनामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न सञ्चारमाध्यमको भूमिका अझ प्रभावकारी हुनुपर्ने धारणा राखिन् । पत्रकारिताप्रति जनविश्वास घट्दै गएको चर्चा गर्दै उनले यसले समाज र लोकतन्त्र दुवैलाई नकारात्मक असर पार्ने चेतावनी दिइन् ।

मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष बन्दना झाको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार आचारसंहिताको अवस्था, समस्या, चुनौती र समाधानका उपाय सम्बन्धी चारवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यपत्र पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, केन्द्रीय सदस्य राजेश कर्ण, राजु विश्वकर्मा र महोत्तरी शाखाका अध्यक्ष महेश दासले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष श्यामप्रसाद बन्जारा, केन्द्रीय सहसचिव राजकमल सिंह, राजेश कर्ण, सिकेन्द्र पासमान, राजु पासमान, वरिष्ठ पत्रकार रविन्द्र उप्रेती तथा धनुषा शाखाका उपाध्यक्ष अवधेश कामतलगायतले पत्रकारिता, सञ्चारमाध्यमको वर्तमान अवस्था र चुनौतीबारे आ(आफ्ना धारणा राखेका थिए।

## नेपाली जनशक्ति अभावले रेल्वेलाई वार्षिक १९ करोड घाटा

दैनिक समाचारदाता

जनकपुरधाम, २९ असार । नेपाल रेल्वे कम्पनीले दक्ष नेपाली जनशक्तिको अभावका कारण भारतीय कर्मचारीमा निर्भर रहनुपर्दा वार्षिक करिब १९ करोड रुपैयाँ घाटा व्यहोर्नुपरेको जनाएको छ।

नेपाल रेल्वे कम्पनीका प्रबन्ध निर्देशक परिवेश पराजुलीका अनुसार हाल जयनगर-भंगहा रेल सेवामा इन्जिन चालक, इन्जिनियरलगायत २३ जना भारतीय कर्मचारी कार्यरत छन्। उनीहरूलाई तलब तथा भत्ताबापत वार्षिक करिब २० करोड रुपैयाँ खर्च हुने गरेको छ।

उनका अनुसार आर्थिक वर्ष




२०८२/०८३ मा कम्पनीले ८ करोड रुपैयाँ आम्दानी गरेको थियो भने १९ करोड रुपैयाँ घाटा व्यहोरेको छ। नेपाली दक्ष जनशक्ति अभावका कारण भारतीय कर्मचारी राख्नुपरेको र उच्च पारिश्रमिकका कारण सञ्चालन खर्च बढ्दा कम्पनी घाटामा गएको उनले बताए।

प्रबन्ध निर्देशक पराजुलीले खर्च घटाउन र रेल सेवालाई आत्मनिर्भर बनाउन नेपाली जनशक्ति उत्पादन तथा नियुक्तिको प्रक्रिया अघि बढाइएको जानकारी दिए।

कम्पनीका अनुसार जनकपुर रेल्वेमा रकम हिनामिना गरेको आरोपमा तीन कर्मचारीमाथि कारबाही गरिएको छ। साथै, महोत्तरीको भंगहादेखि बर्दिबाससम्मको १८ किलोमिटर रेलमार्ग निर्माणमा रहेको विवाद समाधान भएपछि ट्र्याक निर्माणको काम अघि बढेको छ।

हाल भारतको जयनगरदेखि महोत्तरीको भंगहासम्म ५६ किलोमिटर रेल सेवा

बाँकी पृष्ठ ३मा

## जनकपुरधाम उपमहानगरले ल्यायो २ अर्ब ६५ करोडको बजेट

दैनिक समाचारदाता

जनकपुरधाम, २९ असार । जनकपुरधाम उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि २ अर्ब ६५ करोड २० लाख ३२ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

आन्तरिक आय वृद्धि, पूर्वाधार विस्तार तथा शहरी उत्थानशीलता परियोजनालाई मुख्य प्राथमिकतामा राख्दै नगरप्रमुख मनोजकुमार साहले नगरसभामा बजेट प्रस्तुत गरेका हुन् ।प्रस्तुत बजेटअनुसार नेपाल सरकारबाट प्राप्त हुने ३० करोड ५९ लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान, मधेश प्रदेश सरकारबाट प्राप्त हुने करिब २ करोड रुपैयाँ समानीकरण अनुदान, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट, सशर्त अनुदान, चालु आर्थिक वर्षको बचत रकम तथा अन्य स्रोतबाट बजेट व्यवस्थापन गरिने उल्लेख




गरिएको छ ।

साथै, उपमहानगरले आन्तरिक स्रोतबाट २० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य पनि निर्धारण गरेको छ ।

नगरप्रमुख साहले आगामी आर्थिक वर्षको बजेटले नगरको समग्र विकासलाई गति दिने विश्वास व्यक्त गर्दै आधारभूत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्य रहेको बताए । बजेटमा नगर सरसफाइ, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि विकास, रोजगारी सिर्जना, सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण, नगर सौन्दर्यीकरण र शहरी उत्थानशीलता परियोजनालाई विशेष प्राथमिकतामा राखिएको छ ।

उपमहानगरपालिकाले आगामी वर्ष विकास निर्माणसँगै सेवा प्रवाहको गुणस्तर सुधार, आन्तरिक आयको दायरा विस्तार तथा दिगो शहरी विकासलाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

## 'सम्पत्ति छानबिन सबैबाट सुरु हुनुपर्छ' : शाही

दैनिक समाचारदाता

बुटवल, २९ असार । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता ज्ञानेन्द्र शाहीले बहालवाला प्रधानमन्त्री, मन्त्री र सांसदको सम्पत्तिको पनि छानबिन हुनुपर्ने बताएका छन्।

सोमबार बुटवलमा सञ्चारकर्मीसँग कुरा गर्दै शाहीले सरकारले आफ्नै नेतृत्व र सत्तापक्षका पदाधिकारीको सम्पत्ति छानबिन नगरी अरूको मात्रै अनुसन्धान गर्नु उचित नहुने धारणा राखे।


उनले जागिर वा व्यवसाय नगरी धेरै नेताको करोडौंदेखि अर्बौं रुपैयाँसम्मको सम्पत्ति कसरी आर्जन भयो भन्ने विषयमा आम नागरिकले प्रश्न उठाइरहेको उल्लेख गर्दै सम्पत्ति छानबिन सबैका लागि समान रूपमा लागू हुनुपर्ने बताए।

"सम्पत्ति छानबिन गर्ने हो भने सबैको गर्नुपर्छ। जागिर नगरी उहाँहरूको करोडौंको सम्पत्ति कहाँबाट आयो ? त्यसको स्रोत पनि खुल्नुपर्छ। छानबिन आफ्नैबाट सुरु गर्नुपर्छ," शाहीले भने।


बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर


जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना हस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# सुकुमबासी समस्या : अवलोकन भन्दा समाधानको खाँचो

सुकुमबासी समस्या नेपालका सबैभन्दा जटिल सामाजिक, आर्थिक र राजनीतिक मुद्दामध्ये एक हो । दशकौँदेखि भूमिहीन, अव्यवस्थित बसोबास र अव्यवस्थित शहरीकरणको परिणामस्वरूप उत्पन्न भएको यो समस्या सरकार फेरिए पनि स्थायी रूपमा समाधान हुन सकेको छैन । पछिल्लो समय कीर्तिपुरस्थित राधास्वामी होल्डिङ सेन्टर वर्षाका कारण डुबानमा परेपछि त्यहाँ रहेका सुकुमबासीलाई भक्तपुरको खरिपाटीस्थित होल्डिङ सेन्टरमा स्थानान्तरण गरिएको घटनाले फेरि एकपटक राज्यको व्यवस्थापन क्षमता र दीर्घकालीन योजनामाथि प्रश्न उठाएको छ ।

गृहमन्त्री सुधन गुरुङसहित विभिन्न मन्त्रालयका मन्त्रीहरूले खरिपाटी होल्डिङ सेन्टरको संयुक्त अवलोकन गर्नु सकारात्मक संकेत हो । यसले सुकुमबासीको समस्या केवल एउटा मन्त्रालयको दायित्व नभई बहुआयामिक विषय भएको स्वीकार गरेको देखिन्छ । गृह, भूमि व्यवस्था, स्वास्थ्य, शिक्षा, श्रम तथा सामाजिक सुरक्षासँग सम्बन्धित मन्त्रालयहरूको उपस्थितिले समस्या समाधानका लागि समन्वित दृष्टिकोण आवश्यक रहेको सन्देश दिएको छ । तर यस्ता अवलोकन र प्रतिबद्धता मात्र पर्याप्त हुँदैनन्, ती व्यवहारमा रूपान्तरण हुनुपर्छ ।

भूमि व्यवस्थामन्त्री प्रतिभा रावलले कानुनी प्रक्रिया पूरा गरेर भविष्यमा विवाद नउठ्ने गरी लालपुर्जा वितरण गर्ने सरकारको तयारी रहेको बताएकी छन् । यो सकारात्मक प्रतिबद्धता भए पनि विगतका अनुभवले देखाएको छ कि भूमिसम्बन्धी आयोगहरू गठन हुने, तथ्यांक सङ्कलन हुने र नयाँ घोषणा हुने क्रम दोहोरिए पनि कार्यान्वयन भने सुस्त रहने गरेको छ। त्यसैले अब नागरिकले आश्वासनभन्दा परिणाम खोजिरहेका छन् ।

सुकुमबासीको विषयलाई राजनीतिक स्वार्थको माध्यम नबनाउन गरिएको आग्रह पनि उत्तिकै सान्दर्भिक छ । निर्वाचनको समयमा भूमिहीनलाई लालपुर्जा दिने वाचा गर्ने र त्यसपछि प्रक्रिया अलपत्र पार्ने प्रवृत्तिले समस्या थप जटिल बनाएको छ । यसले वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासीको अधिकार सुनिश्चित गर्नुको सट्टा राजनीतिक अविश्वास बढाएको छ ।

अर्कोतर्फ, प्राकृतिक विपद्का कारण अस्थायी शिविरसमेत सुरक्षित नरहनुले राज्यले सुकुमबासी व्यवस्थापनलाई अझ वैज्ञानिक र जोखिम संवेदनशील बनाउनुपर्ने आवश्यकता देखाएको छ। सुरक्षित आवास, आधारभूत स्वास्थ्य सेवा, शिक्षा, खानेपानी, रोजगारी तथा सामाजिक सुरक्षालाई एकीकृत रूपमा सम्बोधन नगरी केवल स्थानान्तरणले समस्या समाधान गर्दैन ।

सरकारले तत्काल राहत र सुरक्षित बसोबासको व्यवस्थासँगै दीर्घकालीन रूपमा भूमि वितरण, व्यवस्थित आवास विकास, रोजगारी सिर्जना र स्थानीय तहसँगको प्रभावकारी समन्वयलाई प्राथमिकता दिनुपर्छ। स्पष्ट मापदण्ड, पारदर्शी प्रक्रिया र समयसीमाभित्र कार्यान्वयन हुने योजना नै सुकुमबासी समस्याको दिगो समाधानको आधार बन्न सक्छ ।

सुकुमबासीको जीवन राज्यका लागि राजनीतिक मुद्दा होइन, संवैधानिक अधिकार र मानवीय दायित्वको विषय हो। त्यसैले मन्त्रीहरूको अवलोकन सफल तब मात्र मानिनेछ, जब होल्डिङ सेन्टरको अस्थायी बसाइ स्थायी सम्मानजनक आवासमा रूपान्तरण हुनेछ र वर्षौंदेखि दोहोरिँदै आएको समस्याले अन्ततः समाधानको बाटो समात्नेछ ।

# नेपाली कांग्रेसभित्र असन्तुष्टि किन ?



डा.शोभाकर पराजुली

कुनै पनि महान् संस्थाको सबैभन्दा ठुलो शक्ति आफ्नो कमजोरी लुकाउनु होइन, त्यसलाई स्वीकार गरेर सुधार गर्ने साहस गर्नु हो। आत्मसमीक्षा कमजोरीको सङ्केत होइन, परिपक्वताको परिचय हो।

इतिहासले प्रमाणित गरेको छ कि समयको परिवर्तनलाई बुझ्न नसक्ने संस्था बिस्तारै जनविश्वासबाट टाढिन्छ, जबकि आफ्ना त्रुटिलाई इमानदारीपूर्वक स्वीकार गरेर सुधारको मार्ग समाउने संस्था फेरि उभिन सक्छ। आज नेपाली कांग्रेस पनि यस्तै ऐतिहासिक मोडमा उभिएको छ।

सात दशकभन्दा बढी समय लोकतन्त्रको नेतृत्व गरेको पार्टीभित्र आज किन असन्तुष्टि बढिरहेको छ भन्ने प्रश्नबाट भागेर होइन, त्यसको निष्पक्ष विश्लेषण गरेर मात्र पुनर्जागरणको बाटो खुल्न सक्छ। यो विश्लेषण कसैलाई दोषी ठहर गर्ने प्रयत्न होइन, सङ्गठनलाई अझ बलियो बनाउने आत्मचिन्तन हो।

पछिल्ला वर्षहरूमा कांग्रेसभित्र विभिन्न तहका कार्यकर्ता, शुभेच्छुक, बुद्धिजीवी र युवापुस्ताबाट पार्टीको वैचारिक ऊर्जा कमजोर हुँदै गएको छ भन्ने एउटै प्रकारको गुनासो बारम्बार सुनिन थालेको छ। कुनै समय लोकतन्त्र, समाजवाद, राष्ट्रियता र सामाजिक न्यायबारे गाउँदेखि केन्द्रसम्म बहस गर्ने सङ्गठन आज धेरै ठाउँमा विचारभन्दा व्यक्तिको समर्थन वा विरोधमा केन्द्रित भएको अनुभव गरिन्छ।

जब विचारको ठाउँ व्यक्तिले लिन्छ, तब सङ्गठन बिस्तारै उद्देश्यबाट विचलित हुन थाल्छ। विचारले एकता दिन्छ, व्यक्तिले विभाजन पनि ल्याउन सक्छ। त्यसैले वैचारिक प्रशिक्षण, नीतिगत बहस र राजनीतिक शिक्षाको कमीले सङ्गठनको दीर्घकालीन शक्ति कमजोर बनाएको भन्ने आलोचना अस्वाभाविक होइन।

यससँगै सबैभन्दा धेरै उठ्ने विषय हो- गुटीय राजनीति। लोकतान्त्रिक दलभित्र फरक मत हुनु स्वाभाविक हो। विचार, रणनीति र नेतृत्वबारे स्वस्थ प्रतिस्पर्धा लोकतन्त्रको सौन्दर्य हो। तर जब फरक विचार स्वस्थ बहसमा सीमित नरही स्थायी गुटमा रूपान्तरण हुन्छ, तब सङ्गठनको ऊर्जा आन्तरिक प्रतिस्पर्धामा खर्च हुन थाल्छ। कार्यकर्ताको मूल्याङ्कन योगदानभन्दा निष्ठाका आधारमा हुन थालेको अनुभूति बढेपछि निराशा जन्मिन्छ।

निर्णयहरू संस्थागत प्रक्रियाभन्दा समूहगत समीकरणबाट प्रभावित भएको महसुस हुँदा कार्यकर्ताले आफ्नो आवाजको मूल्य घटेको अनुभव गर्छन्। यस्तो वातावरणले सङ्गठनलाई बाहिरभन्दा भित्रैबाट कमजोर बनाउने जोखिम बढाउँछ। नेतृत्वसम्बन्धी प्रश्न पनि कम महत्त्वपूर्ण छैन। नेपाली कांग्रेसले राष्ट्रलाई असाधारण नेतृत्व दिएको इतिहास बोकेको छ।

तर समयसँगै नेतृत्व परिवर्तनको गति, पुस्ताबिचको समन्वय र नयाँ क्षमताको उपयोगबारे व्यापक बहस हुँदै आएको छ। अनुभवी नेतृत्व कुनै पनि संस्थाको अमूल्य सम्पत्ति हो, किनकि अनुभवले दूरदृष्टि दिन्छ। तर नयाँ पुस्ताको ऊर्जा, सिर्जनशीलता र प्रविधिमैत्री सोचलाई पर्याप्त अवसर नदिइएमा सङ्गठनलाई भविष्यसँग तालमेल मिलाउन कठिन हुन्छ।

त्यसैले चुनौती पुरानो र नयाँ पुस्ताबिच प्रतिस्पर्धा गराउने होइन, अनुभव र ऊर्जाको सहकार्य गराउने हो। जहाँ अनुभवले दिशा दिन्छ र युवाले गति दिन्छन्, त्यहाँ सङ्गठन दीर्घकालीन रूपमा बलियो हुन्छ।

कार्यकर्ताको मनोविज्ञानलाई बुझ्नु पनि उत्तिकै आवश्यक छ। कुनै पनि राजनीतिक दलको वास्तविक आधार शीर्ष नेतृत्व होइन, तल्लो तहमा निरन्तर सक्रिय रहने कार्यकर्ता हुन्। चुनावका बेला घरघर पुग्ने, आन्दोलनका बेला सडकमा उभिने, सङ्कटका बेला जनतासँग रहने र पार्टीको विचार समाजसम्म पुर्‍याउने जिम्मेवारी उनीहरूले नै वहन गर्छन्।

यदि यिनै कार्यकर्ताले आफ्नो योगदानको उचित सम्मान, सुन्ने संस्कृति र अवसरको निष्पक्ष व्यवस्था नपाएको महसुस गरे भने सङ्गठनको जरा कमजोर हुन थाल्छ। धेरै कार्यकर्ताको गुनासो यही छ कि सङ्घर्षको मूल्याङ्कनभन्दा पहुँचको प्रभाव बढी देखिन्छ। चाहे यो धारणा पूर्ण रूपमा सही होस् वा नहोस्, जनधारणा स्वयं राजनीतिक यथार्थ बन्छ।

त्यसैले सङ्गठनले केवल न्याय गर्न मात्र होइन, न्याय भएको अनुभूति पनि दिलाउनुपर्छ। आन्तरिक लोकतन्त्रको प्रश्न पनि अत्यन्त महत्त्वपूर्ण छ। लोकतन्त्रका लागि सङ्घर्ष गर्ने पार्टीभित्र निर्णय प्रक्रिया कति खुला, सहभागितामूलक र पारदर्शी छ भन्ने कुराले पार्टीको विश्वसनीयता निर्धारण गर्छ।

यदि तल्लो तहका सुझावहरू माथिसम्म पुग्न कठिन भयो, नीति निर्माणमा सीमित व्यक्तिको प्रभाव बढी भयो वा संस्थागत छलफलभन्दा अनौपचारिक शक्ति केन्द्रहरू प्रभावशाली देखिन थाले भने असन्तुष्टि स्वाभाविक रूपमा बढ्छ। लोकतान्त्रिक दलको बल निर्वाचन जित्नु मात्र होइन, आफ्नै सङ्गठनभित्र लोकतान्त्रिक संस्कारलाई जीवन्त राख्नु पनि हो।

आजको अर्को चुनौती सूचना प्रविधिको युगसँग सम्बन्धित छ। अहिलेका कार्यकर्ता र मतदाता दुवै पहिलेभन्दा धेरै सचेत, सूचना सम्पन्न र प्रश्न गर्ने स्वभावका छन्। सामाजिक सञ्जालले सूचना प्रवाहलाई तीव्र बनाएको छ। कुनै निर्णय, अभिव्यक्ति वा विवाद केही मिनेटमै देशभर फैलिन्छ। यस्तो अवस्थामा पारदर्शिता, छिटो संवाद र स्पष्ट नीति झन् आवश्यक हुन्छ।

यदि सङ्गठन समयानुकूल सञ्चार प्रणाली विकास गर्न असफल भयो भने अफवाह, भ्रम र अविश्वासले स्थान लिन सक्छ। त्यसैले आधुनिक सङ्गठन निर्माण केवल प्रविधिको प्रयोग होइन, विश्वास निर्माण गर्ने नयाँ संस्कृतिको विकास पनि हो। युवापुस्ताको अपेक्षा पनि विगतभन्दा धेरै फरक छ। आजका युवा केवल राजनीतिक नाराबाट प्रभावित हुँदैनन्। उनीहरू अवसर, क्षमता, परिणाम र उत्तरदायित्व खोज्छन्। उनीहरू आफ्नो योग्यताअनुसार योगदान दिन र नेतृत्वमा पुग्ने स्पष्ट बाटो चाहन्छन्। यदि उनीहरूले सङ्गठनमा भविष्य देखेनन् भने निष्क्रिय बन्छन् वा वैकल्पिक राजनीतिक शक्तितर्फ आकर्षित हुन्छन्।

त्यसैले युवालाई केवल कार्यक्रममा सहभागी गराउने होइन, नीति निर्माण, निर्णय प्रक्रिया र नेतृत्व विकासमा वास्तविक भूमिका दिन आवश्यक छ। युवालाई ‘भविष्यका नेता’ भनेर भाषण गर्नु पर्याप्त हुँदैन, वर्तमानमै जिम्मेवारी दिन सक्नुपर्छ।

महिलाको सहभागिता र समावेशी नेतृत्वको विषय पनि पुनर्जागरणसँग जोडिएको छ। नेपाली कांग्रेसले समावेशिताका लागि ऐतिहासिक भूमिका खेलेको भए पनि निर्णय गर्ने तहमा महिलाको प्रभावकारी उपस्थिति, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम र पिछडिएका समुदायका सक्षम नेतृत्वलाई अवसर दिने विषयमा अझ धेरै काम गर्न बाँकी छ भन्ने आवाज सङ्गठनभित्रैबाट उठिरहेको छ।

लोकतन्त्रको सौन्दर्य प्रतिनिधित्वमा मात्र होइन, निर्णय प्रक्रियामा समान सहभागितामा पनि निहित हुन्छ। अर्को गम्भीर प्रश्न सङ्गठनात्मक सक्रियताको हो। कुनै समय गाउँ-गाउँमा वैचारिक प्रशिक्षण, नियमित बैठक, सामाजिक अभियान र जनसहभागितामूलक कार्यक्रम सञ्चालन गर्ने परम्परा क्रमशः कमजोर भएको अनुभूति धेरैले गरेका छन्।

सङ्गठन चुनावका बेला मात्र सक्रिय देखिने र त्यसपछि निष्क्रिय हुने प्रवृत्तिले जनतासँगको सम्बन्ध कमजोर बनाउँछ। राजनीतिक दल केवल निर्वाचन जित्ने संयन्त्र होइन, समाजसँग निरन्तर संवाद गर्ने संस्था पनि हो। जनताको सुखदुःखमा निरन्तर उपस्थित हुने सङ्गठनमाथि नै दीर्घकालीन विश्वास निर्माण हुन्छ।

तर यी सबै चुनौतीबिच एउटा आशाको पक्ष पनि छ। नेपाली कांग्रेससँग आत्मसुधारको ऐतिहासिक क्षमता छ। यस पार्टीले निरङ्कुश शासनसँग सङ्घर्ष गर्दै अनेक सङ्कट पार गरेको छ। त्यसैले आजको चुनौती पनि असम्भव होइन। आवश्यकता केवल यति हो कि असन्तुष्टिलाई विद्रोहको आवाज होइन, सुधारको सन्देशका रूपमा सुनियोस्।

आलोचनालाई शत्रुताका रूपमा होइन, आत्मपरिवर्तनको अवसरका रूपमा ग्रहण गरियोस्। इतिहासले देखाएको छ- आफ्नो कमजोरी स्वीकार गर्ने संस्थालाई जनता दोस्रो अवसर दिन तयार हुन्छन्, तर आफ्नो कमजोरी स्वीकार गर्न नचाहने संस्थाबाट जनता बिस्तारै टाढिन्छन्। नेपाली कांग्रेसका संस्थापकहरूले सङ्गठनलाई व्यक्तिको वरिपरि होइन, विचारको वरिपरि निर्माण गरेका थिए। आज पुनः त्यही आधारमा फर्किनुपर्ने आवश्यकता छ।

गुटभन्दा संस्थालाई, पहुँचभन्दा योग्यतालाई, निष्ठाभन्दा क्षमतासहितको योगदानलाई, प्रतिस्पर्धाभन्दा सहकार्यलाई र पदभन्दा सेवालाई प्राथमिकता दिन सकियो भने कांग्रेसभित्रको असन्तुष्टि नै पुनर्जागरणको ऊर्जा बन्न सक्छ। कुनै पनि नदीको पानी रोकिएपछि दुर्गन्ध आउँछ, बगिरहेपछि मात्र जीवन दिन्छ। सङ्गठन पनि त्यस्तै हो। संवाद, आत्मसमीक्षा, सुधार र नवीन सोचको प्रवाह निरन्तर रह्यो भने मात्र सङ्गठन जीवित रहन्छ।

आजको सबैभन्दा ठुलो प्रश्न कांग्रेस कमजोर भयो कि भएन भन्ने होइन। वास्तविक प्रश्न यो हो- के कांग्रेससँग आफूलाई फेरि बदल्ने साहस छ ? यदि उत्तर सकारात्मक आउँछ भने इतिहास फेरि एकपटक यस पार्टीलाई नयाँ भूमिका दिन तयार छ। किनकि जनताले पूर्णता खोज्दैनन्, इमानदारी खोज्छन्। गल्ती नगर्ने नेतृत्व होइन, गल्ती स्वीकार गरेर सुधार गर्ने नेतृत्व खोज्छन्। यही बाटो नै नेपाली कांग्रेसको पुनर्जागरणको पहिलो पाइला हुनेछ।

*साभार: अनलाइनखबरडटकम*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# किन कसैकसैलाई लामखुट्टेले बढी नै टोक्छ?



लामखुट्टेले हाम्रो जीउमा बस्नुअघि नै टाढैबाट हाम्रो शरीरका विभिन्न सङ्केतहरू याद गरिरहेका हुन्छन्।

लामखुट्टेको टोक्ने छनौटमा तपाईं पर्नुहुन्छ कि हुँदैन भन्ने कुरा केही जैविक कारणहरूले निर्धारण गर्छ।

मलाई लामखुट्टेले अलि बढी नै टोक्छन्।

म गर्मीको बिदामा विश्वको जुनसुकै ठाउँमा पुगे पनि एउटा कुरा निश्चित हुन्छ। त्यो के हो थाहा छ? म जहाँ पुगे पनि मलाई लामखुट्टेले टोकेरै छाड्छ। लामखुट्टेले टोकेको ठाउँमा ठूला र चिलाउने डाबरहरू आउँछन् र हप्तौँसम्म ठिक हुँदैनन्।

तर मसँगै रहेका अरू मानिसहरूलाई त्यति हैरानी हुँदैन। कसैलाई त लामखुट्टेले एकपटक पनि टोक्दैन। उनीहरूलाई टोकी नै हाल्यो भने पनि सानो मात्रै दाग देखिन्छ।

अनि मेरा साथीहरू मसँग ठट्टा गर्दै मेरो रगत "खास मिठो" हुनुपर्छ भन्छन्।

उनीहरू केही हदसम्म सही पनि हुन सक्छन्।

हाम्रो शरीरले श्वास र जीउको गन्धसहित थुप्रै जैविक सङ्केतहरू निकालिरहेको हुन्छ। यसले नै हामीलाई लामखुट्टेले टोक्ने सम्भावना कति छ भन्ने निर्धारण गर्छ।

केही मानिसमा यी सङ्केतहरू लामखुट्टेका लागि अत्यन्त आकर्षक हुन्छन्।

लामखुट्टेले मानिसलाई पहिचान गर्ने तीन मुख्य तरिका हुन्छन्।

***श्वासले लामखुट्टे लोभ्याउँछ***

मानिसलाई पोथी लामखुट्टेले मात्रै टोक्छ। अण्डा पार्नका लागि उनीहरूलाई प्रोटिन आवश्यक पर्ने भएर पोथी लामखुट्टे मानिसको रगततर्फ आकर्षित हुन्छन्।

त्यसका लागि तिनीहरूले दृष्टि र गन्धको सहारा लिन्छन्।

लामखुट्टेले करिब १० मिटर टाढाबाटै हेरेर वा सुँघेर रगत चुस्ने प्राणी पहिचान गर्न सक्छन्।

हाम्रो श्वास र छालाबाट निस्कने कार्बन डाइअक्साइड उनीहरूका लागि महत्त्वपूर्ण सङ्केत हो।

मानिसले फेर्ने श्वासबाट निस्कने कार्बन डाइअक्साइडले लामखुट्टेको खाने कुरा खोज्ने प्रणाली बनाउँछ।

बच्चाहरू भन्दा वयस्क मानिसले कार्बन डाइअक्साइड धेरै निकाल्ने भएका कारण लामखुट्टेको रोजाइमा वयस्क मानिसहरू बढी पर्छन्। कहिले काहीँ लामखुट्टे मानिसबाहेक कार्बन डाइअक्साइडका निर्जीव स्रोततर्फ पनि आकर्षित हुन्छन्।

यही कारण 'ड्राइ आइस' र बोतलमा भरिएको कार्बन डाइअक्साइड लामखुट्टेलाई पासो थाप्न प्रयोग गरिन्छ।

***शरीरको तापक्रमले आकर्षित गर्छ लामखुट्टे***

अध्ययनहरूले लामखुट्टे ताप र आर्द्रतातर्फ पनि आकर्षित हुने देखाएका छन्। कार्बन डाइअक्साइडले यो आकर्षण थप बढाउँछ। त्यसैले लामखुट्टेका लागि गर्भवती महिलाहरू साधारण महिलाभन्दा करिब दोबर आकर्षक लाग्छन्।

गर्भावस्थामा खाने कुरालाई शारीरिक ऊर्जामा रूपान्तरण गर्ने माग र श्वास फेर्ने मात्रा बढ्ने भएकाले शरीरबाट ताप र कार्बन डाइअक्साइड अझै धेरै बाहिर निस्कन्छ।

"तपाईंको शरीरभित्र एउटा सानो चुलो भएजस्तै हुन्छ, त्यसैले शरीर बढी न्यानो हुन्छ," यूकेको डर्हम विश्वविद्यालयका जनस्वास्थ्य कीटविज्ञानका प्राध्यापक स्टिभ लिन्ड्से भन्छन्।

व्यायाम गरिरहेका मानिसहरू पनि लामखुट्टेको निशानामा हुन सक्छन्। किनभने व्यायामका क्रममा धेरै कार्बन डाइअक्साइड शरीरबाट निस्कन्छ र शरीर तातो हुन्छ अनि पसिना पनि बढी आउँछ।

सामान्यतया ठूलो शरीर भएका मानिसहरू पनि बढी ताप उत्पन्न गर्ने र बढी कार्बन डाइअक्साइड निष्कासन गर्ने कारण लामखुट्टेको टोकाइमा अरू मानिसभन्दा धेरै पर्ने सम्भावना रहन्छ।

छालाको गन्ध लामखुट्टेका लागि सङ्केत

***लामखुट्टे मार्न ग्यास छर्किँदै***

लामखुट्टे आफूले टोक्ने प्राणीको नजिक पुगेपछि छाला र श्वासबाट आउने गन्धका आधारमा कसलाई टोक्ने छनोट गर्छन्।

"खास गन्ध नै हो," लिन्ड्से भन्छन्। "सानातिना र छिटो वाष्पीकरण हुने रासायनिक पदार्थले फरक पार्छन्। लामखुट्टे रसायनहरूले भरिएको दुनियाँमा बाँचिरहेका हुन्छन्।"

अन्य वैज्ञानिकहरूसँगै लिन्डसेले पनि "मिठो रगत" भएका मानिसलाई बढी टोक्छ भन्ने धारणा गलत भएको बताएका छन्। खासमा तिनीहरू हाम्रो "छालाको गन्ध"का कारण आकर्षित हुन्छन्।

छालामा रहेका सूक्ष्म जीवहरूले कार्बोहाइड्रेट, बोसोयुक्त अम्ल र पेप्टाइडहरूलाई वाष्पशील जैविक यौगिक (भीओसी) मा रूपान्तरण गर्छन्।

यी पदार्थहरू हावामा फैलिन्छन् र लामखुट्टेले तिनीहरूबीच फरक छुट्ट्याउन सक्छन्। हाम्रो छालामा ५०० भन्दा धेरै भीओसी हुन्छन्। लामखुट्टेहरू हाम्रो छालामा हुने एमोनिआ र ल्याटिक एसिडप्रति पनि आकर्षित हुन्छन्। त्यसमा कार्बोक्सिलिक एसिड मिसिँदा हाम्रो छाला लामखुट्टेका लागि अझै आकर्षक हुन्छ।

अमेरिकाको रकफेलर विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले छ घण्टासम्म नाइलनको स्लीभ लगाएका ६४ जनाको छालाको गन्ध अध्ययन गर्दा गरेका थिए।

त्यसले कार्बोक्सिलिक एसिड बढी भएका व्यक्तिहरूतर्फ लामखुट्टे अझै बढी आकर्षित भएको देखायो।

अनुसन्धानमा सबैभन्दा आकर्षक व्यक्ति र सबैभन्दा कम आकर्षक व्यक्तिबीचको अन्तर करिब १०० गुणासम्म थियो। अझ रोचक त वर्षौँसम्म यी भिन्नताहरू लगभग स्थिर रहे।

"लामखुट्टेका लागि तपाईंको आकर्षण धेरै हदसम्म स्थायी हुन्छ," लिन्ड्से भन्छन्।

***सबै टोकाइ उस्तै हुँदैनन्***

लामखुट्टेको टोकाइप्रति मानिसहरूले निकै फरक तरिकाले प्रतिक्रिया जनाउन सक्छन्।

एक जीनोम-वाइड अध्ययनले हाम्रो प्रतिरक्षा प्रणालीको जीन र हाम्रो शरीरले लामखुट्टेको टोकाइमा कसरी प्रतिक्रिया दिन्छ भन्ने कुरामा तिनको प्रभावबीचको बलियो आनुवंशिक सम्बन्ध फेला पारेको छ।

चाखलाग्दो कुरा के छ भने ती आनुवंशिक भागहरू पनि एलर्जीसँग सम्बन्धित क्षेत्रहरूसँग खप्टिन्छन्।

त्यसबाहेक टोकाइको आकार र चिलाउने मात्रामा तीव्र प्रतिक्रियाहरूको प्रवृत्तिले तपाईंको लामखुट्टेलाई आकर्षित गर्ने धारणालाई सक्रिय गर्न सक्छ।

"केही मानिसहरू आफूहरूलाई बढी टोकिएको छ भन्ने सोच्छन् किनभने उनीहरूले बढी प्रतिक्रिया जनाउँछन्," ग्लास्गो विश्वविद्यालयमा मेडिकल इन्टोमोलोजीका प्राध्यापक हिथर फर्ग्युसन भन्छिन्। "केही मानिसहरूलाई बारम्बार टोक्न सक्छ तर बिरलै प्रतिक्रिया दिन्छन्।"

र हामीमध्ये केही जैविक रूपमा सजिलो लक्ष्य हुन सक्छौँ।

फर्ग्युसनले भनेझैँ कोही पनि लामखुट्टेको राडारबाट पूर्ण रूपमा सुरक्षित छैन : "यदि तपाईंलाई तपाईंलाई टोकेको छैन भने लाग्छ भने पनि तपाईंले आफ्नो सुरक्षा गर्नुपर्छ।" साभार : बीबीसी/नेपाली

# कर्मचारीलाई सवारी किन्न सहुलियत ऋण प्रस्ताव

दैनिक समाचारदाता

काठमाडौं, २९ असार । सरकारले सरकारी कर्मचारीलाई सवारीसाधन खरिदका लागि शतप्रतिशत ब्याज अनुदानसहित सहुलियतपूर्ण ऋण उपलब्ध गराउने तयारी गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार पारेको 'सरकारी कर्मचारीका लागि सवारीसाधन व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३' को मस्यौदामा कर्मचारीको पदअनुसार चारपाङ्गे वा दुईपाङ्गे सवारी खरिदका लागि ऋण दिने व्यवस्था प्रस्ताव गरिएको छ।

मस्यौदाअनुसार उपसचिव वा सोभन्दा माथिल्लो तहका कर्मचारीले चारपाङ्गे सवारी खरिद गर्न सक्नेछन् भने शाखा अधिकृत तथा सोभन्दा तल्लो तहका कर्मचारीलाई दुईपाङ्गे सवारी खरिदका लागि सहुलियत ऋण उपलब्ध गराइनेछ।

प्रस्तावअनुसार मुख्यसचिव, सचिव र १२औँ तहका कर्मचारीलाई अधिकतम ६० लाख रुपैयाँ, सहसचिव वा ११औँ तहका कर्मचारीलाई ५० लाख रुपैयाँ तथा उपसचिव वा नवौँ-दशौँ तहका कर्मचारीलाई ४० लाख रुपैयाँसम्म शतप्रतिशत ब्याज अनुदानसहित ऋण दिने व्यवस्था गरिएको छ।

त्यस्तै, शाखा अधिकृत तथा छैटौँ, सातौँ र आठौँ तहका कर्मचारीलाई दुईपाङ्गे सवारी खरिदका लागि ४ लाख रुपैयाँसम्म र राजपत्र अनङ्कित तथा सहायकस्तरका कर्मचारीलाई २ लाख रुपैयाँसम्म शतप्रतिशत ब्याज अनुदानसहित ऋण दिने प्रस्ताव गरिएको छ।

मस्यौदाअनुसार कर्मचारीले सवारीको मूल्यको कम्तीमा २० प्रतिशत रकम अग्रिम भुक्तानी गर्नुपर्नेछ भने बाँकी ८० प्रतिशत रकम ऋणका रूपमा उपलब्ध हुनेछ। उक्त ऋणको ब्याज सरकारले सम्बन्धित वित्तीय संस्थालाई तिर्ने व्यवस्था प्रस्ताव गरिएको छ। ऋण अवधि २० वर्षसम्म रहने उल्लेख छ।

खरिद गरिएको सवारी सम्बन्धित कर्मचारीकै नाममा दर्ता हुनेछ र त्यसलाई सरकारी सम्पत्ति मानिने छैन। कर्मचारी जहाँ सरुवा भए पनि सोही सवारी प्रयोग गर्नुपर्नेछ।

इन्धन, मर्मत, बीमा, नवीकरण, सर्भिसिङलगायत सबै सञ्चालन खर्च कर्मचारी स्वयंले व्यहोर्नुपर्नेछ। यसबापत अतिरिक्त इन्धन वा मर्मत खर्च दाबी गर्न नपाइने तथा बिल वा लगबुक कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था पनि नहुने मस्यौदामा उल्लेख छ।

त्यसैगरी, सरकारी सवारी सुविधा लिइरहेका कर्मचारीले यो सुविधा एकैसाथ लिन नपाउने व्यवस्था प्रस्ताव गरिएको छ। सेवाबाट अलग भएमा बाँकी ऋण र त्यससम्बन्धी दायित्व सम्बन्धित कर्मचारी स्वयंले वहन गर्नुपर्नेछ। यद्यपि, प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत वा अनिवार्य रूपमा सरकारी सवारी उपलब्ध गराइने पदमा कार्यरत कर्मचारीले त्यस्तो अवधिमा सरकारी सवारी नै प्रयोग गर्न सक्ने व्यवस्था मस्यौदामा समेटिएको छ।

## नेपाली........

सञ्चालनमा रहेको छ। यस खण्डमा दैनिक तीन पटक रेल सञ्चालन हुँदै आएको कम्पनीले जनाएको छ।

त्यसैगरी, संघीय सरकारको नीतिअनुसार रेल्वे कम्पनीले रेलमार्गअन्तर्गत पर्ने जग्गाको खोजी तथा संरक्षण अभियान पनि सुरु गरेको छ। अतिक्रमण हटाउन माइकिङ गर्ने, रेल्वे स्टेशनहरूमा यात्रुका गुनासा संकलन गर्न उजुरी पेटिका राख्ने लगायतका काम पनि अघि बढाइएको कम्पनीले जनाएको छ।

## 'सम्पत्ति.....

शाहीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही नेताहरूको सम्पत्तिमाथि पनि छानबिन हुनुपर्ने धारणा व्यक्त गरे। त्यस्तै, प्रधानमन्त्री बालेन्द्र शाहलाई संकेत गर्दै उनले पूर्वमेयरहरूको सम्पत्ति छानबिन नगरिनुले सरकारको सुशासनप्रतिको नियतमाथि प्रश्न उठेको बताए। "हालका प्रधानमन्त्री काठमाडौं महानगरका पूर्वमेयर हुन्। महानगरका मेयरले प्रदेशका मन्त्री र सांसदभन्दा धेरै ठूलो बजेट सञ्चालन गर्छन्। त्यसैले पूर्वमेयरहरूको सम्पत्ति पनि छानबिनको दायरामा आउनुपर्छ," उनले भने।




विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सरकारले मित्रराष्ट्रसँगको सम्बन्धमा असर पर्ने फिल्म प्रदर्शन अनुमति नदिने

दैनिक समाचारदाता

काठमाडौं, २९ असार । सरकारले नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको सु-सम्बन्धमा विरोध पार्ने कथावस्तुका फिल्मलाई मुलुकभित्र प्रदर्शन अनुमति नदिने भएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत श्रव्यदृश्य तथा प्रसारण शाखाले चलचित्र विकास बोर्डलाई निर्देशनसहितको पत्र लेख्दै त्यस्ता खालका फिल्मलाई केन्द्रीय चलचित्र जाँच समितिले प्रदर्शन अनुमति नदिने जनाएको हो ।

जाँच समितिले जाँचको लागि सिफारिस गर्ने निकाय चलचित्र विकास बोर्डलाई चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ऐन २०२६ को दफा ८(३) को स्मरण गराएको छ ।

उक्त दफामा कुनै चलचित्र वा त्यसको कुनै भाग नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको सु-सम्बन्धमा विरोध पार्ने देखिएमा त्यस्तो चलचित्रलाई प्रदर्शन गर्न चलचित्र जाँच समितिले अनुमति दिने छैन भनिएको छ ।

यो प्रावधानलाई पूर्ण रूपमा पालना गर्नुपर्ने बताउँदै मन्त्रालयले चलचित्र जाँचपासको लागि प्राप्त भएमा उक्त ऐनको दफा ८ (३)






बमोजिम चलचित्र जाँच समितिबाट अनुमति दिन नसकिने व्यहोराबारे मन्त्रालयले पत्रमा उल्लेख गरेको छ ।

यसबारे निर्माता, वितरक र सरोकारवाला सबैलाई पत्राचार तथा आवश्यक समन्वय गर्न समेत मन्त्रालयले निर्देशन दिएको छ ।

गतसाता आलिया भट्ट अभिनित भारतीय फिल्म 'अल्फा'बारे विवाद भएको पृष्ठभूमिमा मन्त्रालयले यस्तो निर्णय गरेको हो । उक्त विवादमा सञ्चारमन्त्री विक्रम तिमल्सिनाले हस्तक्षेप गर्दै फिल्म प्रदर्शनको लागि अनुमति दिन भनेका थिए ।

मन्त्रीले नै हस्तक्षेप गरेपछि जाँच समिति पछि हट्दै वितरकलाई प्रदर्शन अनुमति दिएको थियो । साथै, चलचित्र जाँच समितिमा यसबारे लामै छलफल भएको थियो ।

यतिबेला भने चलचित्र हेर्ने मन्त्रालयको प्रमुख शाखाले नै प्रदर्शन अनुमति दिन नसकिने बताएको छ ।

सरकारको यस्तो निर्णयको असरमा नेपालमा प्रदर्शन हुने भारतीय फिल्मलाई हुने देखिन्छ । पछिल्लो समय नेपालमा धेरै कमाइ गर्ने मध्ये अधिकांश भारतीय फिल्मको कथावस्तु पाकिस्तानविरोधी हुनेगर्छ ।

'एन्टी पाकिस्तानी' कन्टेन्टको कथावस्तुलाई नेपालमा अघिल्ला सेन्सर बोर्डले सहजै स्वीकार गर्दै प्रदर्शनको लागि अनुमति दिने गरेको थियो । धुरन्धरको श्रृंखलादेखि हालैको अल्फासम्मको कथावस्तु पाकिस्तानविरोधी छन् ।

पाकिस्तानविरोधी कथावस्तुका भारतीय फिल्मलाई मध्यपूर्वका मुलुकले भने रोक लगाउँदै आइरहेका छन् । उनीहरूले बलिउडका धुरन्धरजस्ता स्पाइ जनराका फिल्मलाई रोक लगाएका थिए । उता रोक लगाएपछि कतिपय दर्शक नेपाल आएर फिल्म हेरेको खबर त्यतिबेला आएका थिए ।

प्रधानमन्त्री बालेन शाह काठमाडौं महानगरको मेयर हुँदा पनि भारतीय फिल्मप्रति आक्रोशित थिए । उनले त्यतिबेला महानगरमा 'आदिपुरुष' फिल्मको प्रदर्शन रोक्न निर्देशन दिएका थिए । त्यतिबेला ठूलो विवाद निम्तिएको थियो ।

# कोशी प्रदेशको बजेट खर्च २६ अर्ब २५ करोड

दैनिक समाचारदाता

विराटनगर २९ असार । कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा जम्मा २६ अर्ब २५ करोड बजेट खर्च गरेको छ । प्रदेश लेखा नियन्त्रक




कार्यालय, विराटनगरले सार्वजनिक गरेको प्रारम्भिक विवरण अनुसार प्रदेश सरकारले २६ अर्ब २५ करोड २५ लाख ४८ हजार २२१ रुपैयाँ खर्च गरेको हो ।

चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ३६ अर्ब ९ करोड ८५ लाख रुपैयाँको बजेट विनियोजन गरेको थियो । स्रोत व्यवस्थापन र खर्चको अवस्थालाई हेर्दै मध्यावधि समीक्षा बजेटलाई घटाएर ३२ अर्ब ४५ करोडमा झारिएको थियो ।

सरकारले चालु तर्फ १३ अर्ब ८२ करोड १२ लाख रुपैयाँ खर्च गरेको थियो । पुँजीगत तर्फ १२ अर्ब ३८ करोड ५८ लाख रुपैयाँ खर्च गरेको थियो । पुँजीगत खर्च तर्फ ७२.२४ प्रतिशत बजेट खर्च भएको छ । पुँजीगत तर्फ १७ अर्ब १४ करोड ६५ लाख बजेट विनियोजन भएको थियो ।

मन्त्रालयगत तर्फ १० अर्ब ६४ करोड ४३ लाख बजेट भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले ७ अर्ब ४५ करोड ३३ लाख खर्च गरेको छ ।

खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयले ४ अर्ब ९ करोड ८७ लाख खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले २ अर्ब ५० करोड,आर्थिक मामिला तथा योजना मन्त्रालयले १ अर्ब ८९ करोड , उद्योग, कृषि तथा सहकारी मन्त्रालयले १ अर्ब १९ करोड ७९ लाख, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २ अर्ब १२ करोड ४३ लाख, सामाजिक विकास मन्त्रालयले ८९ करोड ९६ लाख, आन्तरिक मामिला तथा कानून मन्त्रालयले ६४ करोड ६७ लाख लाख बजेट खर्च गरेको छ ।

# पोखरीको डिलमा मुसहर समुदायको कष्टकर जीवन



सिरहा २९ असार । लहान नगरपालिका-१ र २ मा पोखरी तथा नहरको डिलमा बस्दै आएका मुसहर समुदायको जनजीवन कष्टकर बन्दै गएको छ। सुकुमवासी अवस्थामा रहेका उनीहरूको सुरक्षित बसोवासको व्यवस्था हुन नसक्दा वर्षायाममा थप जोखिम बढेको छ।

लहान नगरपालिका-१, मटियर्वास्थित पोखरीको डिलमा बस्दै आएका दिलिप सदायको घरअगाडिको आँगनमा पोखरीको पानी जमेको छ। पछाडिपट्टि सडक किनारमा निर्माण गरिएको नालाको निकास नहुँदा नालाको पानीले फुसको घरको बाँसको टाटीसमेत भत्काएको छ। पोखरीको डिलमा रहेका पाँच घरपरिवार वर्षा सुरु भएसँगै जोखिममा परेका छन्।

लहान नगरपालिका-१ र २ को सीमाना भएर बग्ने भवरा नहरको दुवै किनारमा बसोवास गर्दै आएका सयौँ सुकुमवासी मुसहर समुदायका लागि वर्षा त्रासको समय बन्ने गरेको छ। "आकाशमा बादल देखिनासाथ डर लाग्छ। अहिले धान रोपाइँको समयमा कृषि मजदुरीमा जानुपर्ने भए पनि दिनभर बालबालिका पोखरी र नहरमा डुब्ने हुन् कि भन्ने डरले घरमै बस्नुपरेको छ। काम नगरे के खाने भन्ने अर्को समस्या छ," भवरा नहर किनारमा बस्दै आउनुभएका गेना सदायले पीडा सुनाउनुभयो।

सिराहा जिल्लाका १७ वटै स्थानीय तहमा रहेका मुसहर समुदाय अति विपन्न र सुकुम्वासी अवस्थामा रहेका छन्। यस समुदायका लागि सुरक्षित शौचालय, खानेपानीसहित व्यवस्थित बस्ती निर्माण आवश्यक भए पनि स्थानीय र प्रदेश सरकारले पर्याप्त ध्यान नदिएको मानव अधिकारकर्मी राजकुमार राउतले बताउनुभयो।

"संविधानले आवास, खानेपानी, शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा व्यवस्था गरे पनि यसको कार्यान्वयनमा तीनै तहका सरकार जिम्मेवार बन्न सकेका छैनन्," उहाँले भन्नुभयो।

लहान नगरपालिका २०७४ सालमै खुला दिसामुक्त नगरपालिका घोषणा भए पनि अहिले चार हजार २०१ घरमा शौचालय नभएको र शौचालय निर्माण अभियान सञ्चालन भइरहेको विकन परियोजनाका संयोजक राजेश लोहनीले बताउनुभयो।

अधिकांश मुसहर बस्तीमा शौचालय नहुनुको मुख्य कारण थोरै जग्गामा अव्यवस्थित रूपमा बस्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ।यता लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले मुसहर समुदायका बस्तीमा सुरक्षित आवास कार्यक्रम अन्तर्गत हालसम्म दुई सयभन्दा बढी शौचालयसहितका सुरक्षित आवास निर्माण सम्पन्न भएको बताउनुभयो।

"लहान नगरपालिका-१, २, १९, २०, २१, २२, २३ र २४ नम्बर वडामा रहेका समस्या समाधानका लागि काम गरिरहेका छौं," उहाँले भन्नुभयो।

गोरखापत्रअनलाइनबाट

# शिक्षा अधिकृतमाथि मोबिल छर्किने वडा सदस्य पक्राउ

दैनिक समाचारदाता


काठमाडौं, २९ असार । दाङमा शिक्षा शाखाका एक अधिकृतमाथि मोबिल छर्किएको आरोपमा एक वडा सदस्य पक्राउ परेका छन्। पक्राउ पर्नेमा घोराही उपमहानगरपालिका(१५ का वडा सदस्य ४२ वर्षीय उत्तम बुढाथोकी रहेका छन्। उनलाई जिल्ला अदालत दाङबाट जारी पक्राउ पुर्जीका आधारमा सोमबार घोराही(१५ बाट लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बुढाथोकीले शनिबार घोराही उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकृत अजय बोहोरालाई मोटरसाइकलमा सवार रहेका बेला रोकी शरीरमा मोबिल छर्किएका थिए। घटनापछि उनी फरार भएका थिए।

प्रारम्भिक अनुसन्धानअनुसार घोराही(१५ स्थित पद्ममोदय पब्लिक नमुना माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्वाचन बिथोल्ने उद्देश्यले शिक्षा अधिकृत बोहोरामाथि उक्त घटना गराइएको आरोप छ।

बुढाथोकीविरुद्ध अपमानजनक तथा अमानवीय व्यवहारसम्बन्धी कसुरमा असार २८ गते मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४